जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १५२ | २०७८ साल पुस ३० गते शुक्रबार (14 Jan. 2022 Friday) | मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : ओमिक्रोनले माथिल्लो... ३ पृष्ठमा : 'प्रदेशको नाम र राजधानी ... ३ पृष्ठमा :खोप नलगाएका मानिसका ...

# सरकारी गेष्ट हाउसबाट भाडाका गाडी लिएर फरार भारतीय हतियारधारी समूहलाई खोज्दै प्रहरी




भारतीय अपराधीहरु सवार भई फरार भएको गाडी ।



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ स्थित रहेको गेष्ट हाउस ।
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको मातहातमा रहेका सरकारी गेष्ट हाउसमा चालकलाई बाधेर भाडाको गाडी लिएर फरार भएका भारतीय हतियारधारी समूहलाई प्रहरीले खोजी गर्न सक्रिय भएको छ ।

सो नगरपालिका वडा नं. ८ स्थित गेष्ट हाउसमा चालकलाई थुनेर बा.१४प. ७८३ नम्बरको स्कारपियो गाडी लिएर फरार भएका चार जनाको समूहमा रहेका अपराधी समूहको खोजी कार्य प्रहरीले तिब्र पारेको हो ।

प्रहरीका अनुसार पुस १६ गते नाम खुल्न नसकेका ती चार जना व्यक्ति घुमघामका लागि भन्दै तिलाठी कोइलाडी गाउँपालिका ५ निवासी नारायण प्रसाद राउतसँग उक्त गाडी भाडामा लिएका थिए । गाडी भाडामा लिएपछि गाडीका चालक सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका निवासी ध्रुबकुमार खंगलाई उनीहरु वास बसेको गेष्ट हाउसकै एउटा कोठामा थुनेर गाडी लिई फरार भएको चालकको भनाईलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो वडाका अध्यक्ष रुन्दीलाल मण्डलले पुस १८ गते बिहान गेष्टहाउस पुग्दा चालक एउटा कोठामा थुनिएको र बाहिरबाट ताल्चा लागिएको अवस्था देखिएपछि तत्कालै प्रहरीलाई खबर गरि उनको उद्धार गरिएको जनाइएको छ ।

गाडी भाडामा लिने चारै जना भारतीय नागरिक रहेको र उनीहरुसँग हतियार समेत रहेको प्रहरीले जनाएको छ । चालक खंगका अनुसार रक्सीले मातेका उनीहरु करिब राती १२ बजेतिर हतियार देखाउँदै गाडीको साँचो लिएपछि हातखुट्टा बाँधेर मुख थुन्दै कोठा बाहिरबाट ताल्चा लगाइदिएका थिए ।

पुस १६ गते साँझको समयमा स्थानिय समाजसेवी इन्द्रदेव यादवले भारतबाट आएका दुई/तीन जना पाँहुना कोठा नपाई अलपत्र परेकाले गेष्ट हाउसमा कोठा मिलाइदिन वडा अध्यक्ष मण्डललाई अनुरोध गरेपछि उक्त कोठा उनले उपलब्ध गराएका थिए । ती पाँहुनाहरु को-को थिए भन्ने बारे आफूलाई कुनै जानकारी नभएको वडा अध्यक्ष मण्डलको भनाई छ ।

यता इन्द्रदेव यादवले उनीहरु भारतको सिमराहीबाट नेपाल घुम्न आएको आफूलाई बताएको र उक्त दिन हनुमानगर बजारका सम्पूर्ण होटल लँज प्याक भई कोठा नपाएको भन्दै सहयोगका लागि आग्रह गरेपछि मानविय आधारमा वडा अध्यक्षलाई सिफारिस गरिदिएको बताएका छन् ।

प्रहरीले चालक, गाडी मालिक र कोठाका लागि सिफारिस गर्ने यादवलाई पनि झिकाई बयान लिएको छ । गाडी मालिक राउतले गाडी भाडामा लिइनेहरुलाई आफूले पनि नचिनेको प्रहरीसमक्ष बयान दिएका छन् । सीमावर्ती भारतीय बजार सिमराहीबाट नेपाल घुम्न आएको र तीन/चार दिनका लागि भाडामा चाहियो भन्दै आएपछि आफूले भाडामा दिएको उनले बताए ।

सबैको बयानको आधारमा अपराधीहरुको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिँदै सीमावर्ती भारतीय क्षेत्रका प्रहरी र उच्च अधिकारीहरुसँग पनि समन्वय गरि खोजतलास गरिरहेको बताए ।

# फरार प्रतिवादीलाई १७ वर्षपछि साउदी अरेबियाबाट ल्याइयो

काठमाडौँ, २९ पुस (रासस) ।

कर्तव्य ज्यान मुद्दामा १७ वर्षदेखि फरार रहेका उदयपुरको बेलका नगरपालिका-६ का ४० वर्षीय गोविन्द मगरलाई साउदी अरेबियामा पक्राउ गरी स्वदेश ल्याइएको छ ।

इन्टरपोलद्वारा 'रेड नोटिस' जारी भएका फरार मगरलाई साउदी अरेबियामा पक्राउ गरिएपछि प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाको समन्वयमा परिचालन भएको प्रहरी टोलीले बुधबार नेपाल ल्याएको हो । प्रतिवादी मगरले २०६१ मंसिर १३ गते मानबहादुर तामाङको हत्या गरेको मुद्दामा जिल्ला अदालत उदयपुरबाट पक्राउ अनुमतिप्राप्त भई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाको अनुरोधमा प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले इन्टरपोल महासचिवालयसँगको

*बाँकी तीन पृष्ठमा*

# भन्सारमा निशुल्क मास्क बितरण




सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्हीभन्सार चौकमा बिहिबार सर्वसाधारणलाई मास्क वितरण गर्दै सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलगायत । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्हीभन्सार चौकमा बिहिबार मास्क वितरण कार्यक्रमको आयोजना गरिएको छ ।

गाउँपालिकाको समन्वयमा जिल्ला प्रहरी कार्यालय र सामुदायिक सेवा केन्द्रद्वारा उक्त मास्क बितरण कार्यक्रमको आयोजना गरिएको हो ।

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत तपाईको मास्क खै ? मास्क वितरण कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय सप्तरीले सर्वसाधारणलाई कोरोना महामारीबाट जोगिन निशुल्क मास्क वितरण गरेको हो ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले कोरोना महामारीबाट जोगाउन गाउँपालिकाबाट सक्दो प्रयास गरिरहेको बताउँदै आगामी तीन दिनभित्र तोपा प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजनसहितको आइसोलेशन केन्द्र स्थापना गर्न जानकारी समेत दिए ।

उनले महामारीबाट जोगिन सबैले आ-आफ्नो ठाउँबाट सजगता अपनाउनु पर्नेमा जोड पनि दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले तेस्रो लहरमा एक जनाले पनि ज्यान नगुमाउने गरी तयारी गर्नु आवश्यक रहेको बताए । तेस्रो लहरमा संक्रमित हुने दर अत्यधिक तिव्र गतिमा फैलिरहेको बताउँदै उनले पहिलो र दोस्रो लहरमा गरी सप्तरीले १ सय २१ जनालाई कोरोनाको कारण गुमाएकोमा दुःख प्रकट गरे ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रणको क्षेत्रमा तिलाठी कोइलाडी गाउँपालिकाले उदाहरणीय काम गरेको बताउँदै प्रजिअ गौतमले गाउँपालिकाले विगतमा सञ्चालन गरे झैं यस पटक पनि होल्डिङ्ग सेन्टर र आइसोलेशन सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताए ।

कोरोना महामारीको सुरुवातदेखि नै तिलाठी कोइलाडी गाउँपालिकाले सिमानाकामा हेल्थ डेस्क स्थापना गरी एन्टीजेन जाँचलाई हालसम्म पनि निरन्तरता दिएकोमा प्रशंसा गर्दै उनले यसलाई निरन्तरता दिनु आवश्यक रहेकोमा जोड दिए ।

यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनारायण काफ्लेले केन्द्रबाट ५० हजार भन्दा बढी मास्कल्याई सर्वसाधारणलाई सचेत गराउँदै वितरण गरिने कार्यक्रम रहेको जानकारी दिए ।

कार्यक्रममा बोल्दै जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले कोरोना महामारीको तेस्रो लहरलाई ध्यानमा राखी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा अक्सिजन प्लान्ट तथा आईसियु कक्ष सञ्चालनमा ल्याइएको जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा सञ्चालित कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठ, गाउँपालिकाको वडा नं. ३

*बाँकी अन्तिम पृष्ठमा*

# पाँच जनामा कोरोना संक्रमण पुष्टी

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीमा पाँच जना कोरोना संक्रमित थपिएका छन् । यो संगै जिल्लामा सक्रिय संक्रमितको संख्या सात पुगेको छ ।

केही महिना यता संक्रमण दर शून्यमा झरेको सप्तरीमा एकैसाथ पाँच जनामा संक्रमण पुष्टी भएको हो ।

कोरोना संक्रमण पुष्टी भएकाहरुमा राजविराज नगरपालिका ५ कि एक महिला, वडा नं. ६ र ११ का एक/एक जना पुरुष छन् । त्यस्तै डाक्नेश्वरी नगरपालिका ६ र शम्भुनाथ नगरपालिका ६ का एक/एक जना पुरुषमा पनि कोरोना संक्रमण पुष्टी भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

गजेन्द्र नारायण सिह अस्पतालमा आठ जनाको स्वाव परिक्षण गर्दा एक महिला सहित पाँच जनामा संक्रमण पुष्टी भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

दुई दिन अघि गजेन्द्र नारायण सिह अस्पतालका एक चिकित्सक र तिलाठी कोइलाडी गाउँपालिकाकी एक महिलामा कोरोना संक्रमणको पुष्टी भएको थियो ।

सबै संक्रमीत स्वास्थ्यकर्मीको सर्म्पकमा होमआईशोलेशनमा रहेको स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

## सम्पादकीय

### तरकारी बजारको अनुगमन जरुरी

सप्तरी जिल्लामा अधिकांश तरकारी बाहिरबाट आयात गरिने गरिन्छ । जिल्लामा उब्जने तरकारीहरु बाहेक अन्य स्थानबाट ल्याइएको तरकारीहरु बिचौलियाहरुका कारण महँगिने गरेको छ । प्याज, आलु लगायत अन्य तरकारीहरु उपभोक्ताको पहुँच भन्दा बाहिर पुग्न थालेको छ । कम आय भएका औसत नेपालीले तरकारी अहिले किन्नै नसकिने भएको छ । तरकारी दैनिकी आवश्यक भएकाले हैसियत भन्दा माथि उठेर आम नेपालीले अहिले तरकारी सहितका खाद्यसामग्री किन्न बाध्य भएका छन् ।

अहिले सप्तरी जिल्लाका तरकारी बजारहरुमा उपभोक्ताले किन्न लागेको तरकारीको भाउ किलोमा नभई पाउको दरमा बताउने गरिन्छ । यसबाट पनि तरकारीको भाउ आकाशिएको देख्न सकिन्छ । दशैं-तिहारमा मात्र सरकारी संयन्त्रले गर्ने गरेको बजार अनुगमनलाई तीव्र पार्न उपभोकताहरुले आवाज उठाउन थालेका छन् । नियमित बजार अनुगमन नहुँदा तरकारीको भाउ अनियन्त्रित हुन पुगेको छ भने अखाद्य रंग प्रयोग गरिएका तरकारी पनि बिक्री वितरण भइरहेको छ । अहिले प्याजलाई लुकाएर पनि कृत्रिम अभाव देखाउँदै भाउ बढाएर ग्राहकलाई ठग्ने प्रवृत्ति हावी हुँदै गएको छ । बाहिरबाट तरकारी आउँछ, अहिले त्यहाँ महँगो भएको छ भन्दै थोक व्यापारीहरु तरकारीको मनोमानी भाउ बढाएर उपभोक्तालाई ठग्दा समेत अनुगमन संयन्त्र मुकदर्शक भएर बस्नु कतिको जायज छ भन्ने प्रश्न उपभोक्ताको रहेको छ ।

यसैगरी कम तौल गरेर, ढकका सट्टा ढुंगा ईटाको प्रयोग गरेर समेत उपभोक्ता ठग्ने काम भइरहेकाले नियमित रुपमा बजार अनुगमनको खाँचो रहेको । तसर्थ नियमित रुपमा तरकारी बजारको अनुगमन गरी उपभोक्तालाई थोरै भएपनि राहत पुऱ्याउनेतर्फ सरोकारवाला निकायले अग्रसरता देखाउनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा संक्रमण

काठमाडौँ, २९ पुस (रासस) ।

कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट यसअघिको डेल्टा भेरियन्टभन्दा बढी सङ्क्रामक रहेको बताइएको छ । ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मक रूपमा फैलिने बताइएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले ओमिक्रोन भेरियन्टको अन्य भेरियन्ट जस्तै मानिसमा लक्षण हुने गरेको बताउनुभयो । "अहिले गरिरहेका अणुवांशिक अध्ययन (जीन सिक्वेन्सिङ)ले ओमिक्रोन भेरियन्ट बढ्दै गएको देखाएको छ, यो भेरियन्टमा अरु भेरियन्टका तुलनामा जटिलता कम भए पनि सङ्क्रामण गुणात्मक रूपमा धेरै हुने भएकाले जटिल हुने अनुपात बढेर जान्छ", उहाँले भन्नुभयो ।

अन्य भेरियन्टको तुलनामा यो भेरियन्ट तीव्र दरमा फैलिने गरेको छ । मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा सङ्क्रमण हुने बताउनुभयो । "अन्य भेरियन्टले तल्लो श्वासप्रश्वास नली वा फोक्सोमा सङ्क्रमण हुने गर्दथ्यो", उहाँले भन्नुभयो ।

ओमिक्रोनले पार्ने असरका बारेमा थप अध्ययन अनुसन्धान भइरहेको उहाँको भनाइ छ । पछिल्लो एक हप्तामा कोरोना सङ्क्रमण विश्वभर एक करोडमा पुष्टि भएको छ । यति धेरै सङ्क्रमण हुनुको कारण ओमिक्रोन भेरियन्ट नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रमण हुन सक्दछ । सङ्क्रमित भएकामध्ये खोप नलगाएकालाई धेरै गाह्रो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ । खोप नलगाएका व्यक्तिको ज्यान जाने पनि खतरासमेत रहेको छ । जनस्वास्थ्यविद् डा सागरराज भण्डारीले ओमिक्रोन भेरियन्टले मानिसको घाँटीमा सङ्क्रमण गराउने बताउनुभयो ।

उहाँले घाँटी खसखस हुने, चिलाउने र श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखिने जानकारी दिनुभयो । यस्तै ओमिक्रोन भेरियन्टले मानिसमा बढी हाछिउँ आउने, हल्का ज्वरो आउने, धेरै रुघा लाग्ने जस्तो लक्षण पनि देखिने गर्दछ ।

**बच्ने उपाय**

यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटक पटक धुनु पर्दछ । सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ ।

यस्तै सङ्क्रमणबाट बच्नका लागि सरकारले १२ वर्षदेखि माथिका सबैलाई कोरोनाविरुद्धको खोप एक वर्षअघिदेखि नै लगाउन थालेको छ । अहिलेसम्म नेपालमा लक्षित जनसङ्ख्याको ७६.५ प्रतिशतले पहिलो मात्रा र ५६.९ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् ।

यस्तै कूल जनसङ्ख्याको ५०.२ प्रतिशतले पहिलो मात्रा र ३७.३ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् । सरकारले कोरोना भाइरसको सङ्क्रमण बढदै गएपछि आगामी माघ १५ गतेसम्म बन्द गर्नुका साथै २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी जस्ता कार्यक्रम बन्द गरेको छ ।

**सङ्क्रमण दरको प्रवृत्ति बढ्दै**

सङ्क्रमण दरको प्रवृत्ति पनि वृद्धि भएको छ । यही पुस १९ गते २.६ प्रतिशतमा रहेको सङ्क्रमण दर पुस २७ गते १८.६ प्रतिशत पुगेको छ । यस्तै पुस २६ गते १२.७ प्रतिशत, पुस २५ गते ९.२ प्रतिशतमा मात्र सङ्क्रमण दर रहेको थियो ।

पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत, पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.५ प्रतिशत र पुस २४ गते ७.१ प्रतिशत कूल सङ्क्रमण दर रहेको थियो । पुस २७ गते १५ हजार ३३ जनाको परीक्षणमा दुई हजार ४४४ मा सङ्क्रमण देखिएको थियो । पुस २६ गते एक हजार ४४६ सङ्क्रमति र सात हजार ८५५ सक्रिय सङ्क्रमति तथा पुस २५ गते सङ्क्रमति एक हजार १६७ पुगेको र सक्रिय सङ्क्रमित छ हजार ७५५ देखिएका छन् ।

**ओमिक्रोन भेरियन्ट रोकथामको तयारी**

सरकारले पहिलेको अनुभवबाट पाठ सिकेर अहिले सम्भावित तेस्रो लहरको जोमिख हुन नदिन अस्पताललाई तयारी अवस्थामा राखेको छ । मन्त्रालयका प्रवक्ता डा मिश्राका अनुसार ओमिक्रोन भेरियन्टको सम्भावित जोखिम रोक्न अस्पताललाई आवश्यक पर्ने अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशन र स्वास्थ्यकर्मीलाई पनि तयारी अवस्थामा राखेको छ । उहाँका अनुसार आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ र एचडियु तीन हजार ८४६ रहेका छन् ।

यस्तै अक्सिजन सिलिण्डर १३ हजार ९३९ र अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन् । यसैगरी २५ अक्सिजन टयाङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेका छन् । उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ सघन उपचार कक्ष र २५४ भेन्टिलेटर रहेका छन् ।

मन्त्रालयले समुदायमा ओमिक्रोन भेरियन्ट पत्ता लगाउनका लागि बढीभन्दा बढी एन्टिजेन किटबाट नै परीक्षण बढाउनुका साथै निगरानी बढाएको उहाँको भनाइ छ । "पोजेटिभ सङ्क्रमण देखिएकामध्येबाट ओमिक्रोन पत्ता लगाउन अणु वांशिक अध्ययन (जीन सिक्वेन्सिङ) गरिरहेका छौँ", मन्त्रालयका प्रवक्ता डा. मिश्राले भन्नुभयो ।

केही दिनअघि एक हजार १४६ पोजेटिभ नमूनाको एस-जिन स्क्रिनिङ गर्दा २५० नमूनामा एस-जिन नेगेटिभ देखिएकाका र ती नेगेटिभ देखिएकाको अणु वांशिक अध्ययन (जीन सिक्वेन्सिङ) २४ मा ओमिक्रोन भेरियन्ट पुष्टि भएको थियो । हालसम्म २७ ओमिक्रोन भेरियन्ट भएको पत्ता लागेको छ ।

"एस-जिन नेगेटिभ बढ्नु भनेको ओमिक्रोन भेरियन्ट बढ्नु हो", उहाँले भन्नुभयो, "एस-जिन नेगेटिभ पत्ता लागेका सबै सङ्क्रमितको कन्याक्ट ट्रेसिङ गरिरहेका छौ ।" यस्तै सीमा नाकामा एक हजार क्षमताका नौ वटा होल्डिङ सेन्टरसमेत बनाउन थालिएको छ ।

# अत्यावश्यक नभई जोखिम मुलुकमा भ्रमण नगर्न अध्यागमन विभागको अनुरोध

काठमाडौँ, २९ पुस (रासस) ।

अध्यागमन विभागले नयाँ भेरियन्ट भएका मुलुमा नेपालबाट यात्रा गर्ने योजना बनाएका व्यक्तिलाई अत्यावश्यक अवस्थाबाहेक यात्रा नगर्न अनुरोध गरेको छ । विभागले सरकारको निर्णयानुसार कोभिड-१९ को सङ्क्रमण विभिन्न मुलुकमा फैलिरहेका सन्दर्भमा त्यसको रोकथाम गर्ने उद्देश्यले विभागले बुधबार एक सूचना जारी गरी अर्को व्यवस्था नभएसम्मका लागि सचेत हुने यसरी अनुरोध गरेको हो ।

आमिक्रोन देखिएका मुलुक (दक्षिण अफ्रिका, वोत्स्वाना, जिम्बाब्वे, नामिबिया, लेसोथो, इस्वाटिनी, मोजाम्बिक, मलावी, र हङकङ) बाट आउने वा ती मुलुकलाई ट्रान्जिट बनाई नेपाल आउने यात्रुलाई मङ्सिर १६ देखि नेपाल प्रवेशमा रोक लगाइएको निर्णयलाई यथावत् राखिएको पनि विभागले जारी गरेको सूचनामा उल्लेख छ । गएको तीन हप्ताभित्र ती मुलुकको भ्रमण गरेका यात्रुका हकमा समेत उक्त निर्णय लागू हुने जनाइएको छ ।

विभागले तोकिएका ती नौ देश र अन्य कोरोनाको उच्च जोखिम भएका मुलुकबाट नेपाल आउने नेपाली नागरिक, कूटनीतिक तथा अफिसियल पासपोर्टबाहेक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकको हकमा पनि विशेष व्यवस्था गरेको छ । पूर्ण खोप लगाएको १४ दिन पुगेको, बोडिङ पास जारी हुनुभन्दा ७२ घण्टा अगाडिको पिसिआर रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र अन्यको हकमा कोभिड-१९सँग मिल्दोजुल्दो लक्षण नदेखिएका अवस्थामा घरमै १० दिन क्वारेन्टिनमा बस्नेगरी अनुमति दिने विभागले जनाएको छ ।

विभागका निर्देशक प्रकाशचन्द्र अधिकारीद्वारा जारी विज्ञप्तिमा खोपको मात्रा पूरा नभएका वा खोपको मात्रा पूरा गरी १४ दिन नपुगेका नेपाली नागरिकको प्रवेश बिन्दुमा एन्टिजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ देखिएमा संस्थागत आइसोलसनमा पठाइने र रिपोर्ट नेगेटिभ देखिएमा भने घरमै १० दिन क्वारेन्टिनमा बस्ने गरी प्रवेश अनुमति दिइनेछ ।

यस्तै खोपको मात्रा पूरा नगरेका वा खोप लगाएको १४ दिन नपुगेका कूटनीतिक, अफिसियल पासपोर्टबाहेक तथा आवासीय भिसा प्राप्त गरेका विदेशीको हकमा प्रवेश बिन्दुमा एन्टिजेन परीक्षणमा रिपोर्ट पोजेटिभ आएमा संस्थागत आइसोलेशन वा कूटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेशनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ आएमा १० दिन होटल वा कूटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिनमा बस्नेगरी प्रवेश अनुमति दिने जनाइएको छ ।

उक्त व्यवस्थाबाहेकको हकमा भने विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुको व्यवस्थापनसम्बन्धी आदेश २०७७ को आधारमा विभागबाट गएको असोज ८ गते जारी भएको सूचनाबमोजिम हुने जनाइएको छ । ओमिक्रोन भेरियन्ट देखिएका मुलुकबाट आएका यात्रुको हकमा मात्रै क्वारेन्टिन र आइसोलेशनको व्यवस्था लागू हुने विभागले स्पष्ट पारेको छ ।

# 'प्रदेशको नाम र राजधानी माघ ३ गते टुङ्गो लाग्ने'

जनकपुर, २९ पुस (रासस)।

प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्रदेशको नाम र राजधानी माघ ३ गते टुङ्गो लाग्ने बताउनुभएको छ।

प्रदेश २ को आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयद्वारा जनकपुरधाम उपमहानगरपालिका- ७ मा बुधबार आयोजित कार्यक्रममा बोल्दै मन्त्री साहले माघ २ गते बस्ने प्रदेशसभाको बैठकमा प्रदेशको नाम र राजधानीसम्बन्धी प्रस्ताव प्रस्तुत हुने र माघ ३ गते मतदानद्वारा टुङ्गिने बताउनुभयो।

''प्रदेशको नामकरण र राजधानीसम्बन्धी आएका प्रस्तावमाथि छलफल भइरहेको छ", मन्त्री साहले भन्नुभयो," प्रदेशको राजधानी जनकपुर नै हुनुपर्नेमा वीरगञ्जका केही प्रदेश सांसद बाहेक सबै सांसद एकै ठाउँमा छन्, नामको सन्दर्भमा पनि छलफल भइरहेको छ।"

प्रदेशसभा समयावधि सकिन थोरै मात्र समय बाँकी रहेकाले सबै दलका प्रदेशसभा सदस्यलाई प्रदेशको नाम र राजधानी टुङ्गो लगाउनुपर्ने नैतिक दबाब रहेकाले जसरी पनि प्रदेशको नाम र राजधानीको विषय टुङ्गिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

शीतलहरका बेला लत्ताकपडाको जोहो गर्न नसक्ने विपन्न, गरिब नागरिकलाई प्रदेश सरकारले राहतस्वरुप कम्बल वितरणको कार्यक्रम सुरु गरेको बताउनुहुँदै सञ्चारमन्त्री साहले चिसो र शीतलहरबाट नागरिकको ज्यान जोगाउन सरकारले आवश्यक तयारी गरिरहेको समेत बताउनुभयो। सो कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका नेता परमेश्वर साहले जाडोबाट प्रभावित विपन्न नागरिकको जीवन रक्षा गर्नु राज्यको दायित्व भएकाले तीनै तहको सरकार तत्काल यसप्रति गम्भीर हुनुपर्ने बताउनुभयो।

जनकपुरधाम उपमहानगरपालिका-७ का वडाध्यक्ष जानकीराम साहको अध्यक्षतामा आयोजित कम्बल वितरण कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख रीता मिश्र तथा स्थानीय पवन ठाकुरले प्रदेश सरकारले विपन्न नागरिकलाई कम्बल वितरण गरी सराहनीय कार्य गरेको बताउनुभयो।

सो अवसरमा सामाजिक विकासको क्षेत्रमा विशेष योगदान पुऱ्याएको भन्दै स्थानीय जयकिसुन साह, हकिम राइन्, विश्वनाथ दास, लक्ष्मण पाण्डे, अनिता श्रीवास्तव, रामनाथ पाठक, जगदीश साह लगायतलाई सञ्चारमन्त्री साहले दोसल्ला ओढाएर सम्मान गर्नुभयो। कार्यक्रममा सञ्चारमन्त्री साहले जनकपुरधाम उपमहानगरपालिकाको विभिन्न वडाका ५०० गरिब, विपन्न परिवारलाई कम्बल वितरण गर्नुभयो।

**केन्द्रको कार्यकारी निर्देशकमा अन्सारी नियुक्त**

प्रदेश २ सरकारले प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यकारी निर्देशकमा सर्लाहीका सतार अन्सारीलाई नियुक्त गरेको छ।

प्रदेश २ सरकारको मन्त्रिपरिषद् बैठकले अन्सारीलाई कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिलामन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिनुभयो। विगतमा सङ्घीय सरकार मातहत रहेको ग्रामीण विकास प्रशिक्षण केन्द्र प्रदेश मातहत आएपछि त्यसलाई प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र नाम दिएर मुख्यमन्त्री कार्यालयको मातहत राखिएको छ।

केन्द्रको कार्यकारी निर्देशक पदका लागि तीन जना प्रतिस्पर्धी सिफारिस भए पनि विभिन्न निकायमा राम्रो कार्य अनुभव भएका अन्सारीलाई नियुक्त गर्ने निर्णय गरेको प्रवक्ता साहले बताउनुभयो।

# मूल्य निर्धारण भएपछि धान बिक्री गर्न किसानको भीड

धनुषा, २९ पुस (रासस)।

सरकारले धानको खरिद मूल्य निर्धारण गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जनकपुरधामको कार्यालयमा किसानको ठूलो भीड लागेको छ।

मूल्य निर्धारण गरी मङ्गलबारदेखि धान खरिद गर्न टोकन वितरण गर्ने भएपछि धान बिक्री गर्न किसानको भीड बढेर गएको हो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कार्यालय जनकपुरधामका प्रमुख उपेन्द्र लिम्बूले चालु आर्थिक वर्ष २०७८/७९ मा कम्पनीले १५ हजार क्विन्टलमात्रै धान खरिद गर्ने जानकारी दिनुभयो। तर गत आव २०७७/७८ मा यस कम्पनीमा १६ हजार क्विन्टल धान खरिद गरेको थियो।

कम्पनीले अहिले रु दुई हजार ९०० का दरले प्रतिक्विन्टल धान खरिद गर्दैछ भने निजीस्तरको उद्योगमा प्रतिक्विन्टल रु दुई हजार २०० देखि रु दुई हजार ४०० सम्मको दर मात्र दिने भएपछि किसानले आफ्नो धान कम्पनीमा बेच्नका लागि तछाडमछाड गरेका छन्।

यता कम्पनीले सीमित परिमाणमा धान खरिद गर्ने भएपछि किसानबीच आफ्नो धान बेच्नका लागि हौसिएका छन्। कम्पनीका प्रमुख लिम्बूले भन्नुभयो, "निजीस्तरभन्दा कम्पनीको धानको मूल्य बढी भएको र कम्पनीले सीमित धान मात्रै खरिद गर्ने जानकारी भएपछि टोकन लिन किसानबीच तछाडमछाड भएको छ।" उहाँले सबै किसानको धान बिक्री गर्ने मौका उपलब्ध हुने उद्देश्यले कम्पनीले यस वर्षप्रति किसानको बढीमा ४० क्विन्टलका दरले खरिद गर्ने नीति लिएको जानकारी दिनुभयो। तर यसरी अनुपातमा कम्पनीले धान खरिद गर्ने भएपछि धनुषाका ३५० किसानले मात्रै कम्पनीलाई धान बेच्न सक्ने भएकाले टोकन लिनका लागि अहिले किसानबीच व्यापक भीड बढेको हो।

प्रमुख लिम्बूले भीड नियन्त्रण गर्न कार्यालय व्यवस्थापनलाई हम्मेहम्मे परेको बताउनुभयो। उहाँले बुधबार भीड नियन्त्रण गर्नका लागि प्रहरी बोलाउनुपरेको बताउनुभयो। उहाँले प्रहरी आउन ढिलो भएपछि करिब एक घण्टासम्म कार्यालय परिसर अस्तव्यस्त बनेको बताउनुभयो।

अहिले कोरोना सङ्क्रमण फैलिरहेको अवस्थामा स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने अवस्था रहेको तर किसानले आफ्नो धान छिटो बेच्नका छिटोभन्दा छिटो टोकन लिने प्रयास गर्दा भीड

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय कञ्चनपुर, सप्तरी

प.सं.

च.नं.

मिति: २०७८/९/२७

**सूचना**

सप्तरी जिल्ला सप्तरी त्रिकौल गा.वि.स. वा.नं. ४ हाल परिवर्तित ठेगाना तिरहुत गा.पा. वा.नं. १ स्थायी ठेगाना भई हाम्रो बाबु/ससुरा/बाजे नाता पर्नेको नाममा दर्ता रहेको तपसीलमा लेखिएको बडा कित्ताको जग्गा अनन्तलाल रौनियारको मिति २०६४/११/२५ मा मृत्यु भएको तथा निजकी एकमात्र पत्नि सुदमिया देवीको मिति २०३४ साल अगावै नै परलोक हुनु भएको निजहरुको शेषपछि नजिकको हकवाला अविवाहित छोरीहरु नभई चार भाई छोराहरु क्रमश: केदार प्रसाद राम, पुष्पेन्द्र कुमार (राजेन्द्र गुप्ता), रामसेवक गुप्ता र अजय कुमार मात्र भएकोमा जेठो छोरा केदार प्रसाद राम मिति २०६७/४/२२ मा मृत्यु भएको र निज मृतकको एकमात्र पत्नि कुन्तीदेवी रौनियार रहेको र माइलो छोरा पुष्पेन्द्र कुमार (राजेन्द्र गुप्ता) आजभन्दा करिब ३० वर्ष अघि देखि नै बेपत्ता भई कोही कसैको सम्पर्कमा नआएको र निज बेपत्ते पुष्पेन्द्र कुमार (राजेन्द्र गुप्ता)को एकमात्र पत्नि श्यामा कुमारी देवी रौनियार मात्र रहेकोमा निजको पनि मिति २०६७/५/२४ मा नै मृत्यु भइसकेको र निज पुष्पेन्द्र कुमार (राजेन्द्र गुप्ता) दम्पतिको नजिकको हकवाला अविवाहित छोरीहरु कोही नभई तीन (३) मात्र छोराहरु क्रमश: जीवन कुमार गुप्ता, राजेश कुमार गुप्ता र ओम नारायण रौनियार, त्यस्तै मृतक ज.ध. को साइलो छोरा रामसेवक गुप्ताको मिति २०७७/९/१० मा मृत्यु भएको र निज मृतकको एकमात्र पत्नि शोभा गुप्ता, र मृतक ज.ध. को कान्छो छोरा अजय कुमारसमेतले हाम्रो नाममा संयुक्त नामसारी गरी पाऊँ भनी मिति २०७८/९/१३ मा यस कार्यालयमा जिल्ला सप्तरी जिल्ला सप्तरी त्रिकौल गा.वि.स. वा.नं. ४ हाल परिवर्तित ठेगाना तिरहुत गा.पा. वा.नं. १ स्थायी ठेगाना भएका निवेदकहरु अजय कुमार, कुन्तीदेवी रौनियार, शोभा गुप्ता, जीवन कुमार गुप्ता, राजेश कुमार गुप्ता र ओम नारायण गुप्ताले संयुक्त निवेदन दिनु भएकोले मिति २०७८/९/२७ को आदेश मुताबिक सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सूचना टाँस प्रचार गर्ने काम भएको छ। लेखिए बमोजिमको जग्गाको हकहिस्सा खाने अरु कोही नजिकको हकदार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लेखिए बमोजिमको जग्गाको हकहिस्सा खाने प्रमाण सहित दरखास्त दिनुहोला। म्यादभित्र कसैको सबूत प्रमाण सहितको उजुरी पर्न नआएमा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

तपसील

| मृतक ज.ध. | ज.ध.को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| अनन्तलाल साहु रौनियार | रामदहिन साहु रौनियार | काशी | सप्तरी | त्रिकौल | ३ | २५ | ०-७-१ |
| | | | | त्रिकौल | ४ | १ | ०-१-१६ |
| | | | | गोइठी | ४क | ६७ | ०-१८-१ |
| | | | | गोइठी | ४क | २२८ | ०-२-० |

कार्यालय प्रमुख

मालपोत कार्यालय,

कञ्चनपुर, सप्तरी

**फरार प्रतिवादीलाई ...**

सहयोगमा खोजतलास गरेको थियो।

प्रतिवादी मगरलाई आवश्यक कानुनी कारबाहीका लागि उदयपुरको इलाका प्रहरी कार्यालय, रामपुर ठोक्सिलालाई बिहीबार बुझाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

## विश्व समाचार

# खोप नलगाएका मानिसका लागि ओमिक्रोन 'खतरनाक' भाइरस : डब्ल्युएचओ प्रमुख

स्विजरल्याण्ड (जेनेभा), २९ पुस (रासस-एएनआई)।

कोभिड-१९ को ओमिक्रोन भेरियन्ट विशेष गरी खोप नलगाएका व्यक्तिका लागि "खतरनाक भाइरस" भएको विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले बुधबार उल्लेख गरेका छन्।

"यद्यपि ओमिक्रोन डेल्टाभन्दा कम गम्भीर भाइरस हो तर विशेष गरी खोप नलगाएकाका लागि भने यो खतरनाक नै हुन्छ," टेड्रोसले कोभिड-१९ बारे पत्रकार सम्मेलनमा उक्त कुरा बताएका छन्। उनले यसको सङ्क्रमण दर तीव्र रहेको र सबैतिर फैलिएकाले सतर्क रहनसमेत आग्रह गरेका छन्।

डब्ल्यूएचओ प्रमुखले अफ्रिकाको कोभिड खोपको दरलाई उल्लेख गर्दै भन्नुभयो "अफ्रिकामा ८५ प्रतिशतभन्दा बढी मानिसले खोपको एक खुराक प्राप्त गर्न बाँकी छ। हामीले यो अन्तरलाई बन्द नगरेसम्म हामी महामारीको तीव्र चरण समाप्त गर्न सक्दैनौं।"

"हामी प्रगति गर्दैछौं, डिसेम्बरमा, कोभ्याक्स अन्तरगत नोभेम्बरमा पठाइएको डोजको संख्या दोब्बरभन्दा बढी पठाउँछौं र आगामी दिनमा एक अर्ब खोप डोज पठाउने प्रयास गर्छौं," उनले भने।

उनले गत वर्ष हामीले भोगेका केही आपूर्ति अवरोध अहिले सहज हुन थालेको तर यस वर्षको मध्यसम्ममा प्रत्येक देशको ७० प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्यमा पुग्न अझै लामो यात्रा गर्न बाँकीसमेत रहेको उल्लेख गरेका छन्। नब्बे देशले अझै ४० प्रतिशत लक्ष्यमा पुग्न सकेका छैनन् र तीमध्ये ३६ देशले आफ्नो जनसंख्याको १० प्रतिशतभन्दा कम खोप लगाएका छन्, उनले थपे।

"डब्लुएचओ र हाम्रा साझेदारले यी देशलाई नेतृत्व र समन्वयमा, आपूर्ति दृश्यताको कमी, प्रदान गरिएका खोपको छोटो शेल्फ-लाइफ, सीमित कोल्ड चेन क्षमता, खोप आत्मविश्वास, स्वास्थ्यकर्मीको अभाव र प्रतिस्पर्धी प्राथमिकतामा सामना गर्ने अवरोध हटाउन सक्रियरूपमा समर्थन गरिरहेका छन्।" डब्ल्युएचओ प्रमुखले बताएका छन्।

# भारतमा थप दुई लाख ४७ हजार भन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २९ पुस (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप दुई लाख ४७ हजार ४१७ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ। हाल यहाँ पाँच हजार ४८८ ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एघार लाख १७ हजार ५३१ रहेका छन्। गएको २४ घण्टामा भारतमा ८४ हजार ८२५ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४७ लाख १५ हजार ३६१ जनालाई कोरोना सङ्क्रमण निको भएको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९५.५९प्रतिशत र हेको जनाइएको छ।

सोही अवधिमा थप ३८०को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८५ हजार ३५ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

कोरोना सुरु भएदेखि हालसम्म ६९ करोड ७३ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५४ करोड ६१ लाखभन्दा बढी डोज खोप लगाइएको छ।

# बेलायतमा एक हप्तामा ४३ लाख मानिसमा कोरोनाभाइरस संक्रमण भएको अनुमान

लन्डन, २९ पुस (रासस/सिन्ह्वा)।

बेलायतमा गत हप्ता ४३ लाख मानिसलाई कोभिड-१९ भएको अनुमान गरिएको छ। अघिल्लो हप्ताको कोरोना सङ्क्रमणका संख्या ३७ लाखबाट बढेर गत हप्ता ४३ लाख कायम भएको बेलायती राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस) बुधबार जानकारी दिएको छ।

इङ्गल्याण्डमा कोरोनाभाइरसको फैलावट उच्च रहेको जनाइएको छ। यहाँको तथ्याङ्कअनुसार जनवरी ६ सम्मको हप्तामा १५जना मध्ये एक जनामा यो कोरोनाभाइरस सङ्क्रमण भएको जनाइएको छ। वेल्समा, गत हप्ता २० मध्ये एक जनामा अर्थात गत हप्ता एक लाख ५७ हजार ९०० जनामा रैस यो रोगबाट सङ्क्रमित भएको अनुमान गरिएको छ।

स्कटल्याण्डमा २० मा एक, वा दुई ९७ हजार ४०० भन्दाबढी व्यक्ति सङ्क्रमित भएका बताइएको छ। उत्तरी आयरल्याण्डमा एक हप्तामा दुई लाख ३८ हजार मानिस सङ्क्रमित भएका अनुमान गरिएको छ। कोभिड-१९को सङ्क्रमण इङ्गल्याण्डको पूर्वीभाग र लन्डन बाहेक इङ्गल्याण्डका सबै क्षेत्रमा बढ्दै गएको ओएनएसले जानकारी दिएको छ।

बेलायतले पछिल्लो २४ घण्टाको अवधिमा एक लाख २९ हजार ५८७ जनामा कोभिड-१९ सङ्क्रमण भएको छ। हाल बेलायतमा कुल कोरोना सङ्क्रमितको संख्या एक करोड ४८ लाख ६२ हजार १३८ पुगेको बुधबार सार्वजनिक भएको आधिकारिक तथ्याङ्कले जानकारी दिएको छ।

गत २४ घण्टामा बेलायतमा थप ३९८ कोरोनाभाइरस सङ्क्रमणको कारण मृत्यु भएको छ। यसैसँगै कोरोनाको कारण मृत्यु भएको कूल मृतकको संख्या एक लाख ५१ हजारभन्दा बढी पुगेको ओएनएसले जनाइएको छ। बेलायतमा १२ वर्ष र सोभन्दा माथिका ९० प्रतिशतभन्दा बढीले खोपको पहिलो डोज पाएका छन् र ८३ प्रतिशतभन्दा बढीले दुवै डोज खोप लगाएका छन्। पछिल्लो तथ्याङ्कअनुसार ६२ प्रतिशतभन्दा बढीले कोरोनाभाइरस खोपको तेस्रो डोज प्राप्त गरेका छन्।

# १५ हजार परीक्षण गर्दा तीन हजार बढीमा संक्रमण

काठमाडौँ, २१ पुस (रासस)।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण तीन हजार ५५३ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको बुलेटिनमा १५ हजार ८१ परीक्षण गर्दा तीन हजार ५५३ सङ्क्रमण पुष्टि भएको हो। परीक्षण गराएकामध्ये २३.६ प्रतिशतलाई सङ्क्रमण देखिएको छ। सक्रिय सङ्क्रमितको संख्या १४ हजार ३४० पुगेको छ।

पछिल्लो समय थप २७१ जना कोरोनाबाट निको भएर घर फर्किएका छन्। योसँगै निको हुनेको संख्या आठ लाख १५ हजार ३४७ पुगेको छ। निको हुने दर ९६.९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। विगत २४ घण्टामा एक जनाको सङ्क्रमणको कारणले निधन भएको छ। अहिलेसम्म ११ हजार ६१० जनाको निधन भएको छ। ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला मोरङ, काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, चितवन मकवानपुर, बाँके, रुपन्देही र कैलाली रहेका छन।

शून्य सङ्क्रमित भएका जिल्लामा मुगु मात्र छ। नेपालमा सङ्क्रमण दर १६.९ प्रतिशत रहेको छ। हाल होम आइसोलेशनमा १३ हजार ५०३, संस्थागत आइसोलेशनमा ८३७ आइसियूमा ११० र भेन्टिलेटरमा २५ जनाको उपचार हुँदैछ।

विगत २४ घण्टामा तीन लाख ५६ हजार चार जनाले खोप लगाएका छन। अहिलेसम्म पहिलो मात्रा एक करोड ५४ लाख ६४ हजार ३३५ जना र पूर्ण मात्रा एक करोड १६ लाख ९१ हजार ३९३ जनाले लगाइसकेका छन्।

# ब्राउन सुगरसहित तीन युवक पक्राउ

जनकपुर, २९ पुस (रासस)।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित सिरहा प्रहरीले बुधबार बिहान तीन जना युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय लहान सिरहाबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा लहान नगरपालिका- १२ पडरिया चोकबाट लागुऔषध ब्राउन सुगरसहित स्थानीय २२ वर्षीय प्रशान्त चौधरी, २३ वर्षीय मिथलेश चौधरी र २९ वर्षीय साजन चौधरीलाई पक्राउ गरेको हो।

पक्राउ परेका तीनै जनाको साथबाट लागुऔषध ब्राउन सुगर ५ दशमलव ५ ग्राम, नगद रु ११ हजार र दुई थान मोबाइल बरामद भएको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ।

### *भन्सारमा निशुल्क ...*

सकरपुराका वडा अध्यक्ष मनोज चौधरी, नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीसहितकाले कोरोना महामारीबाट जोगिन मास्क, स्यानिटाइजरको प्रयोग अनिवार्य रुपमा गरी भौतिक दुरी कायम गर्न सर्वसाधारणलाई सुझाव दिए।

### *मूल्य निर्धारण...*

अनियन्त्रित भई होहल्ला हुने गरेको छ। बुधबारसम्ममा जिल्लाका २०० किसानले टोकन लिइसकेको कार्यालय प्रमुख लिम्बूले बताउनुभयो।

लक्ष्मीनियाँ गाउँपालिकाका किसान लक्ष्मेश्वर यादवले निजीस्तरका उद्योगी व्यापारीभन्दा यसपटक सरकारले धान खरिद गर्ने मूल्य केही बढाइदिएकाले किसानलाई ठूलो राहत भएको बताउनुभयो। यता खाद्य व्यवस्था तथा व्यापार कम्पनीले व्यापारीको धानमा मिसावट हुने भएको हुँदा प्रत्यक्षरूपमा किसानसँग धान खरिद गर्दा मिसावट नहुने भएकाले बजारको भन्दा बढी मूल्य निर्धारण गरेर किसानलाई हौसला प्रदान गरिएको जनाएको छ।

यद्यपि सीमित स्रोतका आधारमा ३५० बाहेकका किसानका लागि यस वर्ष पनि कुनै व्यवस्था गर्न नसकिने कार्यालयले जनाएको छ। गोदामको अभाव, व्यवस्थापन गर्न नसकिने भएकाले कार्यालयले लक्ष्यअनुसारको धानमात्रै खरिद गर्ने गरेको प्रमुख लिम्बूले बताउनुभयो।

# कोरोना संक्रमण दैनिक बढ्दो

काठमाडौँ, २९ पुस (रासस)।

कोरोना भाइरसको सङ्क्रमण दिनप्रतिदिन बढ्दै गएको छ। नेपालमा ओमिक्रोन भेरियन्ट पुष्टि भएसँगै सङ्क्रमण दैनिक बढिरहेको हो।

ओमिक्रोन भेरियन्ट सङ्क्रामक बढी रहेकोले पनि पिसिआर र एन्टिजेन परीक्षणमा सङ्क्रमण दर बढेको पाइएको हो। जनस्वास्थ्यका मापदण्ड लागू नगर्ने, भीडभाडमा जाने तथा खोप नलगाउने गर्नाले सङ्क्रमण बढिरहेको पाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सङ्गीता मिश्राले सङ्क्रमण गत हप्ताको तुलनामा यसहप्ता ९.२ प्रतिशतले बढेको बताउनुभयो। ओमिक्रोन भेरियन्टले सङ्क्रमण एक जनाबाट १० जनामा सार्ने गर्दछ।

सङ्क्रमणको पहिलो लहरले एक जनाबाट अर्को दुई जनालाई तथा दोस्रो लहरमा डेल्टा भाइरसले एक जनाबाट चारदेखि पाँच जनासम्म सङ्क्रमित बढाउने गर्दथ्यो। उहाँका अनुसार अघिल्लो हप्ताको ४९ हजार ८७७ जनाको पिसिआर परीक्षणमा दुई हजार ३० जनामा सङ्क्रमण देखिएको छ। यसहप्ता ६२ हजार ७५५ जनाको पिसिआर गरिएकोमा आठ हजार ३७३ जनामा सङ्क्रमण देखिएको थियो। यस हप्ता परीक्षण २५.८ प्रतिशतले गरेका छन्।

यसहप्ताको सङ्क्रमण दर १३.३ प्रतिशत छ। एन्टिजेन परीक्षण गर्दा ६.७ प्रतिशतले पछिल्लो हप्ताको तुलनामा यसहप्ता सङ्क्रमण बढेको पाइएको छ। खोप नलगाउने व्यक्तिमा लगाएको भन्दा १० गुणा बढी सङ्क्रमण बढ्छ। यस्तै खोप नलगाएकालाई अस्पतालमा भर्ना भएर गाह्रो ओमिक्रोनले १७ गुणा र मृत्यु हुने सम्भावना पनि २० गुणा बढाउने गर्ने अध्ययनले देखाएको छ।

**एक हप्तामै १० हजार सङ्क्रमित**

नेपालमा एक हप्तामा १० हजार सङ्क्रमित फेला परेका छन्। यही पुस २२ गतेदेखि पुस २८ गतेसम्म १० हजार ५८४ जनामा सङ्क्रमण पुष्टि भएको छ। पुस २२ गते ५४०, पुस २३ गते ९६८, पुस २४ गते ९४४, पुस २५ गते एक हजार १६७, पुस २६ गते एक हजार ४४६, पुस २७ गते दुई हजार ४४४ तथा पुस २८ गते तीन हजार ७५ जनामा कोरोना सङ्क्रमण देखिएको थियो।

**खोपमा पनि वृद्धि**

खोप लगाउनेको सङ्ख्यामा पनि वृद्धि भएको छ। मन्त्रालयका प्रवक्ता डा मिश्राका अनुसार गतहप्ताको तुलनामा यस हप्ता दुई प्रतिशतले खोप लगाउने सङ्ख्यामा वृद्धि भएको छ। दोस्रो मात्रा लगाउनेमा चार प्रतिशतले वृद्धि भएको छ।

लक्षितमध्ये अहिलेसम्म ७६.९ प्रतिशतले पहिलो मात्रा र ५७.६ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। बुधबार दुई लाख १४ हजार ५७ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन्। सरकारले लक्षित समुदायलाई यही पुस मसान्तसम्म दुई तिहाईलाई खोप लगाउने लक्ष्य लिएको छ। कोरोना भाइरसको खोप वाग्मती र गण्डकी प्रदेशले लक्ष्य अनुसारको लगाइसकेका छन्। बाँकी प्रदेशले खोप लगाउने कार्यलाई द्रुत बनाएका छन्।

सङ्क्रमण बढेसँगै सबै सर्तक हुनुपर्ने र जनस्वास्थ्यका मापदण्ड अझै कडाइका साथ गर्नुपर्ने देखिन्छ। मन्त्रालयले कोही पनि सङ्क्रमण भएको वा कन्ट्याक्ट ट्रेसिङमा परेका कम्तीमा पाँच दिन क्वारेन्टिनमा बसेर मात्र परीक्षण गराउन आग्रह गरेको छ। लक्षण देखिएका व्यक्तिले तुरुन्तै परीक्षण गराउन मन्त्रालयले सबैमा अनुरोध गरेको छ।

# ओमिक्रोनले एकबाट १० मा संक्रमण सार्ने

काठमाडौँ, २९ पुस (रासस)।

कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको सङ्क्रमण अन्यभन्दा तीव्र गतिमा बढ्ने अनुसन्धानले देखाएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा आवद्ध रहनुभएका सङ्क्रामक रोग विशेषज्ञ प्रा डा जनक कोइराला ओमिक्रोन भेरियन्ट (तेस्रो लहर)ले पहिले देखिएको भेरियन्टको तुलनामा धेरै मानिसलाई सङ्क्रमित बनाउने बताउनुभयो। उहाँका अनुसार ओमिक्रोन भेरियन्ट एक जनाबाट १० जनामा सङ्क्रमण सार्ने गर्दछ।

"सङ्क्रमणको पहिलो लहरले एक जनाबाट अर्को दुई जनालाई, दोस्रो लहरमा डेल्टा भाइरसले एक जनाबाट चारदेखि पाँच जनासम्म सङ्क्रमित बनाउने गर्दथ्यो", उहाँले भन्नुभयो, "तर अहिले तेस्रो लहरको ओमिक्रोन भाइरसले एक जनाबाट १० जनालाई सङ्क्रमित गराउने गर्दछ। त्यसैले यो द्रुत गतिमा फैलिन्छ।"

बुधबार एकैदिन तीन हजार ७५ जनामा सङ्क्रमण पुष्टि भएको छ। ओमिक्रोन भेरियन्टबाट बच्नका लागि व्यक्ति आफू नै सजक हुनुपर्ने उहाँ बताउनुहुन्छ। "व्यक्तिबाट व्यक्ति सर्ने रोग भएकाले यसबाट बच्न आफू नै सर्तक हुनुपर्दछ", उहाँले भन्नुभयो, "हामीले जनस्वास्थ्यका मापदण्ड लागू गऱ्यो भने सायद यसले व्यापक रुप लिँदैन।"

हात नियमित धुने, भीडभाड नभएका ठाउँमा जाने, मास्क राम्रोसँग लगाउने हो भने सङ्क्रमणबाट बच्न सकिन्छ। यस्तै ओमिक्रोन भेरियन्टबाट बच्नका लागि खोप बढीभन्दा बढी मानिसलाई लगाउनु पर्दछ। ओमिक्रोन सङ्क्रमण मानिसमा रुघा लागेर माथिल्लो श्वासप्रश्वास नलिमा इन्फेक्सन (असर) गर्दछ।

"सङ्क्रमण नलीमा टाँसिएर रुघा बढी लगाउने गर्दछ। जबकी डेल्टा भाइरस सिधैं फोक्सोमा असर गर्दथ्यो", सङ्क्रामक रोग विशेषज्ञ डा कोइरालाले भन्नुभयो, "ओमिक्रोनले पनि मानिसमा रुघा लाग्ने, जीउ दुख्ने, टाउको दुख्ने, ज्वरो आउने जस्ता लक्षण देखिन्छ र यसले फोक्सो सिधैं सङ्क्रमण गरेर निमोनिया बनाउने कम गर्दछ। खोप लगाएका व्यक्तिलाई ओमिक्रोन भेरियन्टले त्यति गाह्रो नबनाउने उहाँको भनाइ रहेको छ।

**खोप नलगाएकामा १० गुणाबढी सङ्क्रमण**

कोरोना भाइरसविरुद्धको खोप नलगाउनेमा व्यक्तिमा लगाएकोभन्दा १० गुणाबढी सङ्क्रमण हुने सम्भावना रहेको अध्ययनले देखाएको उहाँले बताउनुभयो। उहाँका अनुसार ओमिक्रोन भेरियन्टले खोप नलगाएकालाई अस्पतालमा भर्ना भएर गाह्रो बनाउने १७ गुणा र मृत्यु हुने सम्भावना पनि २० गुणा बढी गर्दछ। उहाँले दुई वटा खोप लगाए जित्न सकिने बताउनुभयो।


प्रकृति सकिए जीवन सिद्धिन्छ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np